नेपाल सरकार

गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल, नेपाल

## नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय,महोत्तरी

### आर्थिक प्रशासन शाखा

## पुराना जिन्सी मालसमानहरु र सवारी साधनहरुको लिलाम बिक्रि सम्वन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

**सूचना प्रकाशित मिति : २०७८/१०/१८ गते**

आ.ब. २०७८/०७९ मा यस सशस्त्र प्रहरी वल, नेपाल नं. २ छिन्नमस्ता वाहिनी मुख्यालय, महोत्तरीमा तपसिल बमोजिमका विभिन्न पुराना जिन्सी मालसामानहरु र सवारी साधनहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिकि गर्नु पर्ने भएकोले खरिद गर्न ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले निम्न लिखित शर्तहरुको अधिनमा रही १५ दिन भित्र सिलबन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | मालसामानहरुको बिवरण | न्यूनतम मूल्य रु. (मू.ब.कर बाहेक) | बोलपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | विभिन्न किसिमका सवारी साधनहरु (हेभि ट्रक/यामाहा मो.सा.) २ थान | रु.३,१८,०८४/- | रु.१०००/- | |
| २ | पुराना जिन्सी मालसामानहरु (विभिन्न धतुहरु प्रयोग भएको) | रु.६,१८,५९१/- | रु.१०००/- | |

बोलपत्र फारम सशस्त्र प्रहरी बल, नेपाल नं. २ छिन्नमस्ता वाहिनी मुख्यालय महोत्तरीबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र मिति २०७८/११/०३ गते (कार्यालय समय भित्र बोलपत्र फारम तोकिएको दस्तुर फिर्ता नहुने गरी) नगदै बुझाई प्राप्त गर्न सकिने छ। बोलपत्र फारम १६ औं दिन मिति २०७८/११/०४ गतेको १२:०० बजे भित्र सशस्त्र प्रहरी बल, नेपाल नं. २ छिन्नमस्ता बाहिनी मुख्यालय, महोत्तरीमा दर्ता गराई सक्नु पर्नेछ, दाखिला भएका बोलपत्र फारमहरु मिति २०७८/११/०३ गतेको दिनको १३:०० बजे यस कार्यालयमा खोलिनेछ। बोलपत्र फारम बिक्रि, दाखिला र खोलिने दिन कारण वस सार्वजनिक बिदा पर्न गएमा बिदा पछाडीको पहिलो कार्यालय खोलेको दिन सोही समयमा गरिने छ। बोलपत्र दाताले बोलपत्रमा कबोल गरेको कूल रकमको १० (दश) प्रतिशतले हुने रकममा नघटाई सशस्त्र प्रहरी बल, नेपाल नं. २ छिन्नमस्ता वाहिनी मख्यालय, महोत्तरीको कार्यालय, जलेश्वरको धरौटी खाता नं. १२७०१००१०२०३०००० मा नगदै दाखिला गरी सोको सक्कलै भौचर वा ९० (नब्बे) दिन मान्य अवधिको कुनै वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ। स्वीकृत बोलपत्र दाताले बोलपत्र स्वीकृतीको जानकारी पाएको १० (दश) दिन भित्र आफुले कबोल गरेको रकममा नियमानुसार लाग्ने मू.अ.कर १३ (तेह्र) प्रतिशत समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गरी बोलपत्र फारम दर्ता गराउनु पर्नेछ। तोकिएको समय भित्र लिलाम सकार गरेको जिन्सी मालसामानहरु र सवारी साधनहरु नियमानुसार उठाई नलगेमा बोलपत्र कागजात साथ पेश गरेको बोलपत्र जमानत बापतको रकम यस कार्यालयले नियमानुसार जफत गरी प्रचलित कानून बमोजिम कारवाही गर्नेछ। उल्लेखित जिन्सी मालसामानहरु र सवारी साधनहरु हेर्न वा लिलाम सम्बन्धी थप कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र यस सशस्त्र प्रहरी बल, नेपाल न. २ छिन्नमस्ता वाहिनी मुख्यालय, महोत्तरीमा आई हेर्न र बुझ्न सकिने छ वा यस कार्यालयको सम्पर्क नं.९८५१२७२०२४ मा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिनेछ। यस सम्बन्धी सूचना सशस्त्र प्रहरी बल, नेपालको web site: www.apf.gov.np मा समेत राखिएको छ।